**राष्ट्रिय वाणिज्य बैंक लि.**

**केन्द्रीय कार्यालय**

प्रमुख कार्यकारी अधिकृतको कार्यालय

सिंहदरवार प्लाजा, काठमाडौं

मिति : २०८०।१२।०३

# प्रेस विज्ञप्ति

## राष्ट्रिय वाणिज्य बैंकको RBBL Management Conference 2024

## अर्थविद्, बैंकिङ्ग विज्ञ, उद्यमीहरुका बीचमा ब्यापक छलफल गरी दिगो बैंकिङ्ग विकासका लागि दिशानिर्देश गर्ने



हाल राष्ट्रिय अर्थतन्त्र र बैंकिङ्ग क्षेत्रमा देखिएका समस्या तथा चुनौतिहरुको बारेमा अर्थविद्, बैंकिङ्गविज्ञ तथा उद्यमीहरुका बीचमा ब्यापक छलफल गरी बैंकिङ्ग क्षेत्रमा देखिएका चुनौतीहरुलाई सम्बोधन गर्न तथा आगामी दिनमा दिगो बैंकिङ्ग विकासका लागि दिशा निर्देश गर्न राष्ट्रिय वाणिज्य बैंकले **RBBL Management Conference 2024** आज २०८० चैत ३ गते, शनिबार काठमाडौंमा आयोजना गरिरहेको छ ।

उक्त **RBBL Management Conference 2024** कार्यक्रमको समुद्घाटन गर्नुहुँदै प्रमुख अतिथि एवं माननीय अर्थमन्त्री वर्षमान पुनले सरकारहरु निरन्तरताका आधारमा संचालित हुन्छन्, तिनका आधारमा नीतिहरु आधारभूतरुपमा परिवर्तन हुँदैनन् । यसैको आधारमा सरकारले नीति बनाएर कार्य गरिरहेका हुन्छन् । उहाँले ऋण लिएर तिर्नुहुँदैन भन्ने नकारात्मकता फैलाउने कुरा स्वीकार्य नहुने बताउनुभयो । राजनीतिक परिवर्तनले जनताको जीवनस्तरमा परिवर्तन नभईरहेको सन्दर्भमा राजनीतिक प्रणालीको समेत समीक्षा गरी हामीले नयाँ ढंगले कार्य गरिरहेको बताउनुभयो । उहाँले बैंकिङ्ग क्षेत्र जनताको रकमबाट संचालित हुने भएकोले संस्थागत सुशासन  कायम गर्न जोड दिनुपर्ने बताउनुभयो ।

यसैगरी नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले राष्ट्रिय वाणिज्य बैंक विभिन्न परिसूचकहरुको आधारमा सबल रहेको बताउदै आफ्नो स्रोतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभयो । उहाँले बैंकिङ्ग क्षेत्रले जनविश्वास कायम गर्नेगरी कार्य गर्नुपर्ने बताउनुभयो । साना खराब कामले संस्थालाई असर गर्ने हुँदा सचेत भएर काम गर्नुपर्ने बताउनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले समग्र बैंकिङ्ग क्षेत्रको बारेमा अवगत गराउनुभयो । उहाँले राष्ट्रिय वाणिज्य बैंकले दिगो व्यवसायिक वृद्धिको आधार र गुणस्तरमा सुधार भन्ने नाराका साथ कार्य गरिरहेको बताउनुभयो ।

नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसीले पछिल्लो समयमा बैंकिङ्ग क्षेत्रको बारेमा विभिन्न टिकाटिप्पणी हुने गरे पनि वित्तीय अवस्था ठिक रहेको बताउनुभयो । उहाले भन्नुभयो, बैंकिङ्ग क्षेत्रको योगदानको लागि सम्मान व्यक्त गर्दछौं । उहाँले नेपालको बैंकिङ्ग क्षेत्र दक्षिण एशियाकै उत्कृष्ट बैंकिङ्ग क्षेत्र हुन सक्ने बताउनुभयो ।

**RBBL Management Conference 2024** मा अर्थविद् एवं माननीय डा. स्वर्णिम वाग्ले, अर्थ मन्त्रालयका सचिव (राजश्व) डा. रामप्रसाद घिमिरे, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष एवं उद्यमी भवानी राणा, अर्थविद् एवं राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाश कुमार श्रेष्ठ, बरिष्ठ बैंकर्स परशुराम कुंवर, भुवन दाहाल तथा किरणकुमार श्रेष्ठ, फिनटेक विज्ञ संजिव सुब्बा, कमनसेन्स विज्ञ सुजिब शाक्य लगायतले आ-आफ्नो धारणा राख्नु हुने छ । कार्यक्रममा अर्थविद् एवं माननीय डा. स्वर्णिम वाग्लेको कि नोट्स मन्तब्य हुने छ । बैंक सञ्चालक समितिका अध्यक्ष दिलिपकुमार ढुङ्गानाको सभापतित्वमा सम्पन्न हुने कार्यक्रममा करिब ४५० जनाको उपस्थिति रहेको छ ।

यस कार्यक्रमको प्रत्यक्ष प्रशारण बैंकको फेसबुक पेज facebook.com/rbbnepal मा समेत भइरहेको छ ।

……………….

**देवेश प्रसाद लोहनी**
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी